# विहादी गाँउपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## वहाकीठाँटी पर्वत

**सम्मानित पन्ध्रौ गाँउसभामा गाँउसभाका श्रद्धय सभाध्यक्ष परविन गुरुङ ज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम**

## आ.व.२०८१/०८२

# विहादी स्थानिय सरकार

विक्रम सवंत् २०८१ साल असार ३ गते सोमबार

नमस्कार....

विहादी गाउँपालिकाको सम्मानित पन्ध्रौ गाँउसभामा उपस्थित सभा उपाध्यक्ष ज्यू, सचिव ज्यू, आदरणिय सभा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, पत्रकार मित्रहरु तथा सम्पुर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्न चाहन्छु।

आर्थिक वर्ष २०८१/८२ को यस गाउँपालिकाको समग्र नीती तथा कार्यक्रम यस पन्ध्रौ गाँउसभामा प्रस्तुत गर्नुपुर्व यस अवसर प्रदान गर्नुहुने पूर्वमा महाशिला र पैंयु गाउँपालिका, पश्चिममा गुल्मि र बाग्लुङ्ग जिल्ला, उत्तरमा बाग्लुङ्ग जिल्ला र फलेवास नगरपालिका तथा दक्षिणमा स्याङ्जा र गुल्मि जिल्ला रहेको यस पालिकाको बाच्छाको बाच्छाखोला देखि उरामको शिउदीखोला, भेडाबारी, पुर्णगाउ, गेप्ताङ्ग देखी पवित्र शिला सालिग्रामको नदी कालीगण्डकिको सिमानाभित्र रहनुभएका आदरणिय हामी जनसेवकका न्यायधिस विहादीवासी सम्पुर्ण सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरुलाई उच्च-सम्मानका साथ स्मरण गर्न चाहन्छु।
यस गरिमामय सभामा गाउँपालिका को आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु।
१० औं गाउसभामा हामीमाझ रहनुभएका करेन्ट लागेर देहत्याग गर्नुभएका हाम्रा स्वर्गिय सभा सदस्य दिपक गुरुङ्ग लगायत सघिंय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि गरेको ऐतिहासिक सघंर्षमा सहादत प्राप्त गर्नुहने सम्पुर्ण सहिद र योद्धाहरुप्रति उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु।
विहादी गाउँपालिकाको समग्र विकासको नेतृत्व गर्नुहुने सम्पुर्ण अग्रजहरुप्रति सम्मानसहित उहाहरुको अमुल्य योगदान स्मरण गर्न चाहन्छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न प्रत्यक्ष अप्रत्यक्ष सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत राष्ट्रसेवक कर्मचारीहरु, वर्तमान एवम् निवर्तमान जनप्रतिनिधि, राजनितिक दल, कृषक, सहजकर्ता र सरोकारवालाहरू सम्पुर्णलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

यस गाउँपालिका भित्र शिक्षालाई-गुणस्तर, स्वास्थ्यलाई-पहुँच, कृषकलाई-उत्पादन, उत्पादनलाई-बजार, पशुपालनमा-अनुदान, श्रमिकलाई-रोजगार, स्वरोजगारलाई- सहायता, शिक्षकलाई जिम्मेवार, कर्मचारीलाई पारदर्शी, जनतालाई प्रभावकारी सेवा दिई यो स्थानिय सरकारलाई उत्तरदायी र जवाफदेही बनाई सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माणतर्फ हामी उन्मुख छौ ।

आर्थिक विकास, सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, पुर्वाधार विकास, वातावरण संरक्षण र सुशासनका व्यवस्थापकिय माध्यमबाट सबल, सुन्दर र समुन्नत विहादीको निर्माण गर्ने लगायत पालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट " **समुन्नत बिहादी**" बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित नै रहनेछ । यस यात्रामा विहादीबासी नागरिकहरुले साथ, सहयोग, समर्थन र रचनात्मक

सुझाव दिदै नीति तर्जुमा देखि यसको प्रभाव मुल्यांकन सम्मका प्रकृयाहरुमा आवश्यकता अनुसार सहभागी भएर गाउँपालिकाको विकासको योगदानमा मन बचन र कर्मले समर्पित हुन हार्दिक अपिल गर्दछु ।

**आदरणिय सभा सदस्य ज्यूहरु,**

अब म हाम्रा सामु रहेका विद्यमान अवसर तथा चुनौतीहरु प्रस्तुत गर्न चाहन्छु ।

**विद्यमान अवसरहरुः**

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु,
- आफ्ना अधिकार क्षेत्र भित्रका विषयमा नीती तथा ऐन कानुन तर्जुमा गर्ने अधिकार हुनु,
- गाउँपालिका भित्र भौगोलिक तथा सास्कृतिक विवधता रहनु,
- सबैं वडामा प्रारम्भिक सडक पुर्वाधारको पहुच हुनु
- सडक, हाईटेक टनेल, कृषि एम्बुलेन्स तथा गाउँपालिकाले उत्पादनको लागि गरेको लगानीसगैं कृषि उत्पादनलाई बजारसम्मको पहुच स्थापित हुनु,
- शालिग्राम शिला, बच्छेश्वर मन्दिर, शिवपुरी धाम, छापाकोट मन्दिर, लुरिङ्गकोट मन्दिर, शितल गुफा, रानिपानि गुफा, पातल, बर्राचौर फाट,भञ्ज्याङ्ग देवि मन्दिर जस्ता ऐतिहासिक तथा सास्कृतिक पर्यटकिय गन्तव्य उपलब्ध हुनु,

**विद्यमान चुनौतीहरुः**

- रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
- कृषि उत्पादनलाई बजारको सुनिश्चितता गर्नु ।
- युवा जनशक्तिलाई कृषि ब्यवसायप्रति आकर्षित गर्नु ।
- व्यवसायिक कृषकको संख्या वृद्धि गर्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।
- निर्माण भएको पूर्वाधारको मर्मत संभार र दिगो संचालन पद्धतिको विकास गर्नु ।
- स्थानीय स्तरमै गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चतता गरी बसाइसराइको दर कम गर्नु ।
- गाउँपालिकाको उच्च स्थानमा रहेको कृषि योग्य जमिनमा सिंचाईको व्यवस्था गर्नु ।
- बादर, दुम्सी, चितुवाजस्ता वन्यजन्तुबाट कृषि बाली तथा पशु धनको सुरक्षा गर्नु ।
- जनप्रतिनिधिहरुमा कानूनी ज्ञानको अभाव, माध्यमिक तथा उच्च माध्यमिक तहका विद्यालयहरुमा आवश्यक दरबन्दी नहुनु, दरवन्दी अनुसारको कर्मचारी पदपूर्ती नहुनु, प्राविधिक सिपयुक्त दक्ष जनशक्तिको अभाव हुनु ।

- संघ प्रदेश र स्थानीय तहका अधिकारका साझा सुची भित्रका विषयमा आवश्यक कानुनहरु नबन्नु ।
- तीन तहका सरकार वीच समन्वयको कमी हुनु ।

**आदरणिय सभा सदस्य ज्यूहरु,**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौँ आवधिक योजनाको मूलभूत पक्षहरू तथा टोल तथा वस्ती स्तर देखि कार्यपालिका सम्मको विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस विहादी गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

सुन्दर, समुन्नत र समृद्ध विहादी गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत "**समुन्नत बिहादी, सम्मानीत विहादीबासी**" भन्ने दीर्घकालीन सोचको लक्ष्य हासिल गर्न उत्पादनशील, शिक्षित, मर्यादित रोजगारीको अवसर प्राप्त गरी प्रयाप्त आय आर्जन गर्ने, सुखी नागरिक बसोबास गर्ने, स्वच्छ, सुन्दर, पर्यटकीय, आत्मनिर्भर समुन्त गाउँपालिका निर्माण गर्ने तर्फ समष्टगत बार्षिक नीति तथा कार्यक्रम उन्मुख गरिएको छ।

**सभा सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८०/८१ को यस विहादी गाउँपालिकाको समग्र नीती तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**1.आर्थिक विकासः**

- **कृषिः**

1. **"एक घर,एक करेसाबारी, एक घर एक टनेल"** कार्यक्रम अन्तर्गत प्रत्येक वडा भित्र अर्गानिक कृषि खेती तथा मौसमी तरकारी खेतीको आवश्यक सहजिकरणको हाईटेक टनेल वितरण गरिनेछ।
2. **"स्थानीय सरकारको साझेदारी, बाझो रहन्न खेतबारी"** कार्यक्रम अन्तर्गत उत्पादनमा आत्मनिर्भर वडा बनाउन बाझो जग्गाको सदुपयोग गरी अर्गानिक कृषि खेती तथा मौसमी तरकारी खेतीको लागि प्रबन्ध मिलाइनेछ, साथै उत्पादित कृषि तथा पशु उपजहरुको बिक्री ग्यारेन्टी गरि कृषि एम्बुलेन्सको प्रभावकारी सन्चालन गरिनेछ।

3. कृषिमा युवा लक्षित कार्यक्रम लाई बिशेष प्राथमिकता दिईने छ, कृषि तथा पशु उपजमा आयात प्रतिस्थापनको नीती अनुरुप खाद्यान्न वालिको उन्नत वीउ उपयोगमा अनुदान कार्यक्रम, मिनिटिलर वितरण कार्यक्रम, क्यारेट वितरण कार्यक्रम, मौरी घार खरिद कार्यक्रम, कुटानी पिसानी मिल वितरण र भकारो सुधार लगायतका सहायता तथा यान्त्रिकरण कार्यक्रमतर्फ जोड दिईने छ, महको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न आवश्यक सहायता प्रदान गरिनेछ ।
4. प्राङ्गारिक खेतीलाई बढवा दिई न्युन विषादिको प्रयोग मार्फत हुने उत्पादनमा जोड दिई जल, जमिन, जनावर र जलवायु अनुकुलनका कृषि-कर्मलाई प्राथमिकता दिईने छ ।
5. उन्नत तरकारीको वीउविजन तथा फलफुल विरुवा वितरण कार्यक्रम मार्फत स्वस्थकर विहादीवासीको परिकल्पनालाई सार्थक बनाईने छ, अर्गाननिक कफि खेतिको विस्तार गर्न कफि क्षेत्र विस्तार कार्यक्रमलाई प्राथमिकता दिईने छ ।
6. कृषि तथ्याङ्क सकंलन गर्ने तथा र नियमित अधावधिक गर्ने कार्यलई प्राथमिकता दिईनेछ, **जि आई एस** (GIS) र **रिमोट सेन्सिङ्ग** (Remote Sensing) प्रविधिको अवधारणा अगाडी बढाईने छ।
7. माटो तथा मलको स्वच्छता तथा गुणस्तरको लागि माटो तथा मल परिक्षण ल्याबको स्थापना गर्न पहल गरिनेछ लगायत भुमिको उत्पादनलाई अभिवृद्धि गर्न जग्गाको वर्गिकरण, यान्त्रिकिकरण र व्यवसायीकरणमा लाई जोड दिईनेछ।
8. **"एक वडा एक आ.पि.एम कार्यक्रम"** सञ्चालन गरी कृषि उद्धमी तयार गरिनेछ। कृषक कल्याणकारी बचतकोष कार्यक्रमलाई निरन्तरता दिईने छ।
9. कृषकहरुलाई बाली बिमा निःशुल्क हुने अवधारणा अगाडी बढाईने छ, साथै उत्कृष्ट कृषकलाई पालिकावाट परिचयपत्र प्रदान गरिने छ।
10. **"एक वडा एक चिस्यान केन्द्र"** अवधारणा अगाडी बढाई कृषि उपजको भण्डारणलाई व्यवस्थित बनाउन पहल गरीनेछ।

❖ **पशुपालनः**

1. गाईभैंसीको दुग्ध उत्पादन तथा उत्पादकत्वमा वृद्धी ल्याउन उन्नत जातका गाईभैंसी खरिदमा अनुदान, हलगोरु पाल्ने कृषकहरुलाई प्रोत्साहन, स्थानिय गाई संरक्षण बापत सुत्केरी भत्ता उपलब्ध गराईने छ, साथै पालिका भित्र पशु पकेट क्षेत्र जस्तैः गाई जोन, भैसी जोन लगायतका पशु जोन कार्यक्रमको लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।
2. पशुहरुलाई आवश्यक पर्ने पोषकतत्वको आपुर्तिको निम्ति बाह्रै महिना पोषणको कमी हुन नदिन विभिन्न उन्नत जातका घाँसका बिउ बेर्ना वितरण गरिने छ।
3. व्यवसायिक बाख्रा तथा बंगुर पालक कृषकहरुलाई खोर सुधारको निम्ती अनुदान उपलब्ध गराई आयआर्जन बढाउनुका साथै कृषकहरुलाई पशुपालनसम्बन्धी तालिम प्रदान गरी व्यवसायिक पशुपालनको क्षेत्र बिस्तारतर्फ जोड दिईने छ।

4. पशुहरुको नश्ल सुधार गरी दुध तथा मासुको उत्पनादनमा गरिनेछ, विभिन्न महामारीजन्य रोगहरुको निशुल्क रुपमा उपचार तथा औषधी वितरण गरी किसानहरुको आर्थिक भारलाई न्यनिकरण गरिने छ ।

**आदरणिय सभा सदस्य ज्यूहरु,**

5. पशुपालनलाई व्यवस्थित गर्न पशुजन्य ब्यवसायको अभिलेखीकरण र पशुपन्छी दर्ता गर्ने कार्यलाई निरन्तरता दिईनेछ, र पशुपन्छी बिमा कार्यक्रमको नीति अगाडि बढाईनेछ।
6. **"असल कृषि तथा पशु अभ्यास कार्यक्रम"** अन्तर्गत रेविज दिवस,भेटेरिनरी दिवस,अण्डा दिवस तथा पशुपन्छी दिवसहरुको अवसरमा अण्डा, दुध तथा मासु उत्पादनमा विशेष जोड दिईनेछ।
7. **"उत्पादन तथा काममा आधारीत अनुदान"** कार्यक्रम अन्तर्गत दुग्ध उत्पादक किसानहरुलाई प्रतिदिन १५ लिटरभन्दा बढी उत्पादन गरेबापत प्रोत्साहन स्वरुप सम्मानसाथ अनुदानको व्यवस्था गरिने छ, साथै स्थानिय किसानले गरेवापत दुध निर्यातमा प्रतिलिटर ५ रुपैया अनुदान उपलब्ध गराईनेछ।
8. कृषिजन्य उत्पादनका किराहरु तथा पशुपन्छीको रोग पहिचान गरी रोग तथा किरा नियन्त्रण सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ, **"पशुको पुर्ण खोप"** कार्यक्रमलाई विस्तार गरिनेछ।
9. पालिकामा ट्रेविज निर्माण कार्यक्रम, पशु स्वास्थ्य औषधि खरिद कार्यक्रम, पशु ल्याव व्यवस्थापन, पशु कृतिम गर्भाधान कार्यक्रमको अवधारणा अगाडि बढाईनेछ।

❖ **<u>उद्यम, सहकारी तथा रोजगारीः</u>**

1. भुमि बैकंको अवधारणा अगाडी बढाई बाझो जमिन सकंलन गरिनेछ, प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रुपमा उत्पादनसगँ जोडिनेछ, सुचिकृत बेरोजगारलाई न्युनतम रोजगारीमा उत्पादनसगँ जोडेर आवद्ध गराईनेछ ।
2. पालिकामा सुचिकृत बेरोजगारलाई कार्यस्थलमा आधारित सिप विकास तालिम सञ्चालन गरि दक्ष बनाईनेछ, ईच्छुक बेरोजगारलाई स्वरोजगारमुलक सिप सिकाईनेछ।
3. गाउँपालिका भित्र हुने आयोजनामा स्थानिय व्यक्तिलाई प्राथमिकता दिईनेछ, श्रम बैकंको अवधारणा कार्यावन्यनमा ल्याईनेछ साथै बालश्रम मुक्त पालिका घोषणा गरिनेछ।
4. रोजगार सेवा केन्द्रलाई आन्तरिकिकरण गरि साझेदारीमा आयोजना सञ्चालन गरिने छ, साथै श्रमिकलाई आवश्यक सुरक्षा तथा कृषि सामाग्री सहायता गरिनेछ।

**आदरणिय सभा सदस्य ज्यूहरु,**

5. **"श्रमिक सँग गाउँपालिका अध्यक्ष"** कार्यक्रम आयोजना गरि सुचिकृत बेरोजगारीको **गुनासो सुनुवाई कार्यक्रम** सञ्चालन गरिनेछ।

6. स्थानिय तहको पञ्चवर्षिय रोजगार रणनिती तर्जुमा गरी आन्तरीक रोजगारीलाई व्यवस्थित बनाउन पहल गरिनेछ।
7. **श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम** सञ्चालन गरिनेछ, स्थानिय सरोकारवाला व्यक्तिको बिच रोजगार संवाद मञ्च कार्यक्रम आयोजना गरिनेछ।
8. लघु समुह गठन गरी व्यवसायिक तथा सिपमुलक तालिम दिईनेछ, साथै तालिमको प्रभावकारीता अध्ययन गर्दै तालिमप्राप्त जनशक्तीलाई उद्धमी बनाउन प्रोत्साहन स्वरुप प्रविधि हस्तान्तरण र बजारीकरणमा सहयोग गरिनेछ र **"एक घर एक युवा स्वरोजगार ग्रामिण स्वाबलम्बन"** कार्यक्रमको अवधारणा अगाडि बढाईनेछ।
9. समूह बनाई सीपमूलक तालिम माग गर्न आएमा सीपमूलक तालिम सञ्चालन गरी स्थानियबासीलाई सिपयुक्त जनशक्तीको रुपमा स्थापित गर्ने नीतीको अवधारणा अगाडी बढाईने छ, साथै स्थानीय सिपयुक्त जनशक्तीलाई प्राथमिकतामा राखी काममा लगाउने नीती बनाईनेछ।
10. लगानीमैत्री वातावरण सिर्जना गर्न करका दरमा छुट तथा परिमार्जन गरिनेछ, स्थानिय सिप, स्रोत र प्रविधिमा आधारीत घरेलु तथा साना स्थानीय उद्योग संरक्षणको नीती लिईनेछ।
11. नियमित वा दैनिक प्रयोगमा आउने वस्तुको बजार मुल्य निर्धारण गरी नियमित अनुगमनका कार्यक्रम अगाडी बढाईने छ।
12. स्थानीय रुपमा उत्पादित मदिराको उत्पादनलाई महत्व दिई अर्थोपार्जनको नीती अगाडी बढाईनेछ।
13. गाउँपालिका भित्र स्थापना हुने कृषि समुह, निजि फर्म र सहकारी दर्ता तथा कार्यक्षेत्रको अनुमतिजस्ता विषयहरु व्यवस्थित ढगंले अगाडी बढाईनेछ।

❖ <u>**पर्यटनः**</u>

1. शालिग्राम शिला, बच्छेश्वर मन्दिर, शिवपुरी धाम, छापाकोट मन्दिर, लुरिङ्गकोट मन्दिर, शितल गुफा, रानिपानि गुफा, पातल, बर्राचौर फाट,भञ्ज्याङ्ग देवि मन्दिर जस्ता ऐतिहासिक तथा सास्कृतिक पर्यटकिय गन्तव्यको पुर्वाधार विकास र प्रसार प्रसारलाई विशेष जोड दिईनेछ।
2. **"एक वडा एक होमस्टे"** को अवधारणा सम्पन्न गरिनेछ, विहादी ५ लुरिङको प्याराग्लाईडिङ (Paragliding) क्षेत्रको बिकासको लागी पहल गरिनेछ।
3. सेतिवेणी गोर्लेङ्गधाम केबुलकारको को सम्भाव्यता अध्ययन गरी "**पर्यटन गुरुयोजना"** को अवधारणा अगाडी बढाईने छ।
4. पालिका भित्रका धार्मिक, ऐतिहासिक, सास्कृतिक तथा प्राकृतिक महत्वका स्थलको व्यवस्थापन गरी पर्यटन पुर्वाधार तथा सेवा सुविधा सम्बन्धी गतिविधी सञ्चालन गरीनेछ।
5. विहादी गाउँपालिका पर्यटकिय क्षेत्र तथा पर्यटन उद्धोगमा रहेका स्थानको चिनारी पुस्तक निर्माण गरिनेछ।

6. शिला शालिग्राम दर्शनलाई सहजता प्रदान गर्न पर्वत, गुल्मी र स्याङ्जा जोड्ने तिनमुखे पुलको अवधारणा ल्याईनेछ।
7. विहादी २ बर्राचौरमा अवस्थित पातललाई बाल उद्यानको विकास गर्दै पर्यटन प्रवर्धन गरिनेछ।

**2.सामाजिक विकासः**

❖ **<u>स्वास्थ्यः</u>**

1. गरिबीको रेखामुनी रहेका दलित, सीमान्तकृत तथा लोपोन्मुख वर्ग ज्येष्ठ नागरिक तथा स्थानीयबासीहरुको लागि प्रभावकारी स्वास्थ्य शिविर को प्रभावकारी सन्चालन गरीनेछ। यस कार्यक्रममा ६/६ महिनामा ६० बर्ष माथिका नागरीकको निशुल्क स्वास्थ्य परिक्षण र बर्षको एकपटक आम ईच्छुक जनताको निशुल्क स्वास्थ्य परिक्षण गरिने अवधारणा अगाडी बढाईने छ। स्थानियबासीको आखामा देखिएका समस्या न्युनिकरण **आखा उपचार केन्द्र स्थापना** गरिनेछ |
2. गरिबीको रेखामुनी रहेका दलित, सीमान्तकृत तथा लोपोन्मुख वर्ग ज्येष्ठ नागरिक ११४४ परिवारको स्वास्थ्य बिमा गर्न आबश्यक प्रबन्ध मिलाइनेछ |
3. औषधि लगायत अन्य आवश्यक उपकरण सामग्रीको व्यवस्थापन गरि स्वास्थ्य सेवामा सवै नागरिकहरुको पहुँचलाई सुनिश्चित गर्न आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रभावकारी रुपमा संचालन गरिनेछ भने मापदण्ड अनुसारका सबै औषधिहरुको आपुर्ति बाह्रै महिना सुनिश्चित गरिनेछ ।
4. स्वास्थ्य संस्थामा संचालित २४ घन्टे प्रसुती सेवालाइ प्रभाबकारी रुपमा संचालन गरि घरमै हुने प्रसुतीलाई निरुत्साहित गर्दै आमा र शिशुको स्वास्थ्यमा प्रवर्धन गर्न पूर्ण सस्थागत प्रसुती कार्यक्रमलाई प्रोत्साहित गरिने छ ।

**आदरणिय सभा सदस्य ज्यूहरुः**

5. **"सुत्केरी संग उपाध्यक्ष कार्यक्रम"** मार्फत स्वास्थ्य संस्थामा प्रसुति हुने सुत्केरी महिलालाई पोषण प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ, किशोर किशोरी स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
6. प्राथमिक स्वास्थ्य सेवा सहज बनाउन बाच्छाको बाह्रविसेमा सञ्चालित २४ घन्टे प्रसुती सेवा सहितको आधारभूत सवास्थ्य सेवा र उरामको गेप्ताङमा सञ्चालित सामुदायिक स्वास्थ्य इकाइलाई ब्यबस्थित र निरन्तरता दिइनेछ ।
7. मातृ तथा नवशिशु मृत्यु हुन नदिन स्वास्थ्य संस्थामा सुत्केरी भएका तथा सवै सुत्केरी महिलाहरुको PNC Home Visit लाई प्रभावकारी र अनिवार्य रुपमा सञ्चालन गरिनेछ ।

8. खोप पाउने बालबालिकाहरुको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै पूर्णखोप प्रदान गरि पूर्णखोप सुनिश्चित पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ, साथै जुम्ल्याहा शिशु स्तनपान भत्ता वितरण कार्यक्रमको अवधारणा अगाडी बढाईने छ।
9. स्वास्थ्यकर्मीहरुको क्षमता एवं दक्षता अधिवृद्धि गर्न र अत्यावश्यक सेवा संचालनका लागि आवश्यक तालिम सञ्चालनका लागि संघीय तथा प्रदेश सरकार तथा सहयोगी संस्थासंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
10. क्षयरोग, मलेरिया, हात्तीपाइले लगायत अन्य संक्रामक रोगलाई जनस्वास्थ्य समस्याको रुपमा रहन नदिन राष्ट्रिय प्रोटोकल अनुसार संचालन गर्ने नितिलाई अबलम्बन गरिने छ। ।
11. मुटु, मृगौला र क्यान्सर जस्ता रोग लागेको वृद्ध तथा विपन्न वर्गका नागरिकलाई निशल्क स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग तथा आर्थिक सहायता उपलब्ध गराइनेछ।
12. बिपन्न र ज्येष्ठ नागरिकहरुका लागि नि:शुल्क स्वास्थ्य सेवा तथा औषधी प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ, साथै आयुर्बेद उपचार पद्धतिलाई प्रोत्साहन गरिनेछ |
13. बिपन्न र ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी महिला, तथा नवजात शिशुहरुलाई निशुल्क र प्रभावकारी एम्बुलेन्स सेवा व्यवस्थाको लागी पहल गरीनेछ, यस पालिकाका स्वास्थ्य सेवामा रहेका ल्याव गुणस्तरीय बनाउने र पालिका भित्र **"ग्रामिण अल्ट्रा साउण्ड सेवा"** कार्यक्रमलाई विस्तार गरीनेछ।
14. **"महिला स्वास्थ्य स्वयंमसेविकाहरुको आत्मसम्मान"** कार्यक्रम सञ्चालन गरी प्रोत्साहन अवधारणा अगाडी बढाईने छ।
15. सुनौला हजार दिनका आमा, पाँच वर्षमुनिका बालबालिका र किशोरीहरुको पोषण सुधारका योजनालाई विस्तृत बनाईनेछ, साथै खाद्य तथा पोषण सुनिश्चितताका लागि **"पोषण सुरक्षण"** तथा सुत्केरी महिलालाई दिईने **"पोषण प्रोत्साहन"** कार्यक्रमलाई निरन्तरता दिईनेछ।
16. स्वास्थ्य सेवाको पहुँचको लागि विहादी ५ उराममा स्वास्थ्य ईकाईको अवधारणा अगाडी बढाईनेछ।

❖ **शिक्षा तथा खेलकुदः**

1. सरकारी सेवा क्षेत्रमा यस विहादी गाउँपालिका भित्रका युवाहरुको न्युन उपस्थितिलाई उच्च बनाउने तथा आर्थिक रुपले विपन्न तथा जेहेन्दार यूवाहरुलाई शैक्षिक तथा रोजगारीका क्षेत्रमा सहजिकरण गर्ने उदेश्यले हरेक तहको **निशुल्क लोक सेवा तथा शिक्षक सेवा आयोगका कक्षा** सन्चालन गरिनेछ।
2. बिद्यालयमा राजनितिक हस्तक्षेपको अन्त्य गर्न पहल गरिनेछ, सामुदायिक विद्यालयका शिक्षकले राजनितीक दलको सदस्य हुन पाउने छैन, साथै कुनै पनि राजनितिक दलका बिद्यार्थी सगंठनलाई बिद्यालय समयमा बिद्यालय भित्र सगंठन बिस्तार गर्न दिईने छैन।

**सभा सदस्य ज्यूहरु,**

3. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको नतिजामा कम्तीमा ५५% विद्यार्थी उत्तिर्ण हुनुपर्ने छ कम्तीमा ५५% विद्यार्थी उत्तिर्ण हुन नसकेमा विषयगत शिक्षकको आन्तरीक सरुवाको विषयलाई अगाडी बढाईनेछ।
4. पालिकाको एकमात्र सामुदायिक क्याम्पस वहाकी सामुदायिक क्याम्पस र नेपालतारा प्राविधिक शिक्षालयलाई जीवनोपयोगी प्राविधिक र व्यवसायिक शिक्षा प्रदान गर्न दिईने अनुदानलाई निरन्तरता दिईनेछ, साथै पालिका भित्रका सामुदायिक विद्यालयको भौतिक संरचना निर्माण तथा विद्यालय व्यवस्थापनमा सहायता प्रदान गरिनेछ।
5. **"सामुदायिक विद्यालय सगँ स्थानिय सरकार"** कार्यक्रम अन्तर्गत समानता, सक्षमता, सृजनशीलता, सकारात्मक सोच, क्रियाशिलता, सामाजिक भावना, र जिम्मेवारी सहितको गुणस्तरीय शिक्षातर्फ पालिकाको शिक्षा क्षेत्रलाई अगाडि बढाउन वडा वडामा शिक्षक, अभिभावक, विद्यार्थी, जनप्रतिनिधि, राजनिती दल र सरोकारवालाको बिचमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
6. विषयगत शिक्षकहरुको क्षमता विकासका लागी विज्ञ प्रशिक्षकको ब्यबस्था गरी तालिम प्रदान गरिनेछ, आधारभुत तहमा English Medium लाई थप सुधार गर्न आवश्यक सहजिकरण गरिनेछ,
7. विद्यार्थीहरुको लागी आवश्यक Motivational Training सञ्चालन गरिनेछ, कमजोर विद्यार्थीहरुको लागी अतिरिक्त कक्षा सञ्चालन गर्ने र विद्यार्थीहरुको क्षमता विकासको लागि प्रशिक्षक ब्यबस्था गरीनेछ।
8. अल्पकालिन तथा द्दघकालिन शिक्षा योजना, स्थानीय पाठ्यपुस्तक, गाउँपालिका स्तरीय शैक्षिक क्यालेण्डर निर्माण, प्रकाशन तथा वितरण गरिनेछ।
9. बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी लागि अनुदान उपलब्ध गराइनेछ, विद्यालयहरुमा बाल कक्षा तथा केजी कक्षा शिक्षकलाई दिईने सहायतालाई निरन्तरता दिईनेछ।
10. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्वस्थ जिवनशैली प्रवद्धन गर्न **"एक विद्यालय एक नर्स कार्यक्रम"** को अवधारणा अगाडी बढाईने छ, सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ,साथै प्राथमिक उपचार तालिम विषय स्थानिय पाठ्यक्रममा समाबेश गर्न पहल गरिनेछ |
11. विहादी गाउँपालिका र जागृति बाल तथा युवा सरोकार नेपालसगँको सहकार्यलाई निरन्तरता दिदै बालबालिकाको पोषणको अवस्था सुधार गर्दै बालमैत्री, पोषणमैत्री स्थानिय तहको घोषणा, कार्यावन्यन तथा दिगोपनालाई जोड दिईनेछ,

**आदरणिय सभा सदस्य ज्यूहरु,**

12. किशोरीहरुको लागी निशुल्क सेनेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ, साथै पालिकाको सहयोगमा स्यानेटरी प्याड उत्पादन मेशिन खरिद गरिने छ।
13. विद्यालय शिक्षामा योगा तथा आर्युवेदिक अभ्यासहरुलाई अनिवार्य गरिनेछ।
14. ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन गरिनेछ, बिज्ञान प्रयोगशालालाई थप व्यवस्थित गराईनेछ।
15. छोराछोरी विद्यालय नपठाउने अभिभावकहरुलाई गाउँपालिकाबाट प्रदान गरिने विभिन्न सेवा सुविधा तथा अनुदानमा कटौति गरिनेछ।
16. विद्यालय शान्ती क्षेत्र भएकोले शान्ती क्षेत्र उल्लघन गर्नेलाई कारबाही गरिनेछ।
17. **"खेल्छ विहादी"** कार्यक्रम अन्तर्गत सम्पुर्ण खेलाडीहरुलाई अवसर प्रदान गर्न**"अध्यक्षकप विहादी"** कार्यक्रम सञ्चालन गरीनेछ, खेलकुद क्षेत्रको बिकासको लागि **कभर्डहल निर्माण**को अवधारणा अगाडी बढाईने छ।
18. **"एक वडा, एक खेलमैदान"** को अवधारणा अगाडी बढाईने छ, कृकेट खेल लाई प्राथमिकता दिईने छ, साथै विभिन्न क्लब तथा सस्थाले सञ्चालन गर्दै आईरहेको खेलकुद प्रतियोगितालाई दिईने सहयोगलाई निरन्तरता दिईनेछ।
19. **"फ्राईडे फर फ्युचर"** (Friday For Future) विद्यालय कार्यक्रम लागु गरी जनप्रतिनिधिको उपस्थितिमा विद्यार्थीको प्रतिभा पहिचान गर्न अतिरिक्त क्रियाकलापलाई बिशेष जोड दिईनेछ, साथै खेल तथा एथ्लेटिक्स विधामा विद्यार्थीको क्षमता विकास गर्ने **"राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता"** कार्यक्रमलाई निरन्तरता दिईनेछ।
20. यस पालिकामा रहेका सापचौर खेलमैदान,ईमिचौर खेलमैदान, दुर्लुङ खेलमैदान लगायतका युवा क्लबका मैदानलाई स्तरोन्निको लागि पहल गरिनेछ।

❖ <u>**सामाजिक समावेशिकरण तथा संस्कृतिः**</u>

1. **"जेष्ठ नागरीक सेवा कार्यक्रम"** अन्तर्गत सामाजिक सुरक्षा भत्तामा गरीएको वडागत वितरणलाई थप प्रभावकारीताका साथ निरन्तरता दिईनेछ,साथै शारीरिक रुपले अशक्त व्यक्तिको अधिकार संरक्षण गर्दै **" अपाङ्ग/अशक्त सहायता कार्यक्रम"** गरिने छ।
2. घर विहिन गरिब, विपन्न लगायतका सीमान्तकृत तथा लोपोन्मुख जातीलाई आवासको लागि पहल गरिनेछ ।
3. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुप्रती परिवारको दायित्व सम्बन्धी चेतना अभिवृद्ध कार्यक्रम संचालन गरिनेछ।
4. गाउँपालिकालाई जातिय भेदभावमुक्त बनाउन जागरण अभियान सञ्चालन गरिनेछ।

5. **संस्कार र संस्कृतिको संरक्षण तथा प्रवर्धन** कार्यक्रम अन्तर्गत विभिन्न जातजातिको धार्मिक, सास्कृतिक, पर्व, संस्कार र सस्कृतिको जगेर्ना गरिनेछ।
6. सामाजिक सुरक्षा तथा अनलाइन व्यक्तिगत घटना दर्ता सम्बन्धी सम्पुर्ण जनप्रतिनिधी, वडा सचिव तथा कर्मचारीहरु संग त्रैमासिक गुनासो सुनुवाई कार्यक्रम गरिनेछ। घरबाट अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता गर्न सकिने प्रणालीको विकास गरिनेछ।
7. दलित समुदायमा चेतनामुलक क्षमता अभिवृद्धि कार्यक्रम तथा बाल विवाह, लैगिंक हिसां निवारणसम्बन्धि सचेतना अभियान सञ्चालन गरिनेछ।

**सभा सदस्य ज्यूहरुः**

8. **Biometric Verification** का माध्यमबाट लाभग्राहिहरुको पहिचान गरि सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ।
9. पालिकाभित्रका कार्यक्रममा लैङ्गिक समानता तथा समावेशिकरणलाई सम्बन्धित विषयका रुपमा समावेश गर्नुपर्ने नीती अगाडी बढाईनेछ।
10. लागु औषध दुर्व्यसन तथा ओसारपोसार, घरेलु हिसां, जातिय भेदभाव तथा छुवाछुत र आत्महत्या दुरुत्साहन जस्ता सामाजिक अपराध न्युनिकरणका तथा नियन्त्रणका क्रियाकलाप सञ्चालन गरिनेछ। सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गरिनेछ |
11. महिला शसक्तिकरणका लागि नेतृत्व बिकास तालिम, आयआर्जन र सिपमुलक कार्यक्रम सञ्चालन गरिनेछ, साथै महिलाहरुको आर्थिक शसक्तिकरणका लागि **"उपाध्यक्षसगँ महिला उधमी उत्थान"** कार्यक्रम सञचालन गरिनेछ।
12. पालिका भित्रका गरिब तथा विपन्न लगायत माझी, कुमाल, बोटे लगायतका सीमान्तकृत तथा लोपोन्मुख जातीलाई परिचयपत्र वितरण गरी राहत कार्यक्रम, सचेतना तथा रोजगारी सिर्जना कार्यक्रम सन्चालनको अवधारणा अगाडी बढाईने छ साथै धार्मिक, सास्कृतिक, पर्व, संस्कार र सस्कृतिको जगेर्ना गरिनेछ।
13. उत्कृष्ट किसान, शिक्षक, विद्यार्थी तथा कर्मचारीहरु तथा हरेक क्षेत्रका उत्कृष्ट व्यक्तिहरुलाई पालिका स्थापना दिवस आयोजना गरि सोही दिन सम्मान गरिनेछ।

❖ **<u>उर्जाः</u>**

1. विद्युत प्राधिकरणसंग सहकार्य गरी २० युनिटसम्मको शुल्क निशुल्क गरिने अवधारणा अगाडी बढाईने छ, लक्षित वर्गमा मिटर बक्समा अनुदान दिईनेछ, साथै विद्युत प्राधिकरणसंग सहकार्य गरी **"उज्यालो सडक र बस्ती"** कार्यक्रम को लागि पहल गरिनेछ।
2. विधुत लाईन तथा पोल जिर्ण भएका स्थानहरुमा जिर्ण पोल तथा तार मर्मत वा व्यवस्थापनको लागि पहल गरिनेछ।

❖ **<u>सञ्चार</u>**

1. श्रमजीवी पत्रकारहरु तथा सञ्चारमाध्यमलाई व्यवस्थित तथा मर्यादित बनाउन सरोकारवालाको समन्वयमा आवश्यक पहल गरिनेछ, साथै रेडियो सत्यवाणी लगायतका स्थानिय सचांर माध्यमलाई प्रोत्साहन स्वरुप दिईने अनुदानलाई निरन्तरता दिईनेछ ।
2. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।
3. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ ।

**3.पुर्वाधार बिकासः**

❖ **<u>भवन, सडक तथा पुलः</u>**

1. पालिका भित्रका सडक यातायातका भौतिक सरंचनालाई प्राथमिकीकरण सहित दिगो सडकको आधारको मर्म अनुसार गोर्लेङ, लुरेङ, भेडाबारी र सल्यान पुग्ने पदमार्ग निर्माणको लागीपहल गरीनेछ र सडक को सम्भाब्यता गर्दै विहादी रिगंरोडको अवधारणाको लागि सघं तथा प्रदेश सरकारसगं समन्वय गरिनेछ।
2. हाल भईरहेका सडकको मापदण्ड तयार कायम गरिनेछ, पालिका भित्रका सडक स्तरोन्नति तथा मर्मत सम्भारलाई निरन्तरता दिईनेछ।
3. पालिकाको सर्वागिंण विकासको लागि आवधिक योजना तयार गरिनेछ।
4. पालिकाको आय र जिवनस्तर सुधार ल्याउन सञ्चालित ठुला आयोजनालाई रणनितिक महत्वका साथ अनुगमन तथा निरिक्षण गरी कार्यमा तिव्रता पारिनेछ, साथै ठुला तथा मझौला पुर्वाधार निर्माण गर्न गर्न सघं तथा प्रदेश सरकारसगं समन्वय गरिनेछ।
5. आवश्यकता अनुसार पक्की तथा झोलुगें पुल निर्माणको लागि पहल गरिनेछ ।
6. वडा कार्यालयको सेवा प्रवाहलाई व्यवस्थित र सुविधा सम्पन्न बनाउन वडा कार्यालयको भौतिक संरचना पुर्ण गरिनेछ।
7. घर विहिन गरिब, विपन्न लगायतका सीमान्तकृत तथा लोपोन्मुख जातीलाई आवासको लागि पहल गरिनेछ ।

❖ **<u>खानेपानी तथा सिँचाई</u>**

1. **"कृषि भुमिमा पानी सिँचाईमा लगानी"** कार्यक्रम अन्तर्गत विहादी गाउँपालिकाका सम्पुर्ण खेतियोग्य जमिनलाई सिचाँईको पहुचमा ल्याउन संघिय सरकारसँगको समन्वयमा ४ करोडको लगानीमा बृहत सिचाईका पुर्वाधारहरु निमार्ण गरीनेछ। Deep Boring आयोजनालाई प्रभावकारी बनाईनेछ।
2. पालिकाका सबै घरपरिवारलाई आधारभुतस्तरको खानेपानी सेवा पुर्याउन **"एक घर एक धारा"** कार्यक्रमलाई निरन्तरता दिदै जीर्ण खानेपानी आयोजनाको मुल तथा बाँधक्षेत्र सरंक्षण तथा मर्मत सम्भार गरी आगामी तिन बर्षमा सतप्रतिशत लक्ष्य हासिल गरिनेछ।

3. मौसमी बर्षाको पुरकको रुपमा साना सिँचाई योजना अन्तर्गत आकाशे सिचांइ प्लास्टीक पोखरी निर्माण गरिनेछ।
4. विहादी गाँउपालिकामा सञ्चालित वृहत लिफ्टिङ खानेपानी आयोजना सिघ्र सञ्चालन गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।
5. गाँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना (WASH Plan) निर्माण गरि खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**4.वातावरण तथा विपत व्यवस्थापनः**

1. वन वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ, स्थानिय वन संरक्षण तथा उपयोग सम्बन्धी आवश्यक नीति वन ऐन तर्जुमा गरि कार्यावन्यन गरिनेछ, वन क्षेत्रका बिषयगत तथ्याङ्क सकंलन, सामुदायिक वनहरुको संरक्षण, संर्वद्धन र व्यवस्थापकिय उपयोग जस्तैःटपरी उद्योग, अगरबत्ती उद्योग आदिजस्ता विषयमा ध्यान दिईनेछ।
2. पालिका विपत व्यवस्थापन कोषलाई निरन्तरता दिई खोज, राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाईनेछ, विपत व्यवस्थापनको पुर्व तयारीको लागि जोखिम क्षेत्रको नक्साङ्कन गरी सुरक्षित स्थानहरुमा स्थानान्तरणको लागि पहल गरिनेछ।
3. विपत न्युनिकरणका लागि सामुदायिक खोज र तालिम, उद्धारमा खटिने सुरक्षाकर्मीको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गरिनेछ, साथै गैरसरकारी सस्थां, नागरिक समाज र स्वयमसेवकसँग विपत व्यवस्थापनमा समन्वय गरिनेछ।
4. **"एक टोल एक चौतारी अभियान"** सन्चालन गरी पर्यावरणको संरक्षण गर्नुपर्नेमा चेतना जगाईनेछ, वर, पिपल, समी रोपण कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
5. आपतकालीन संचालन केन्द्र तथा विपद तालिम केन्द्रको निर्माणका लागि आवश्यक पहल गरिनेछ।
6. सार्वजनिक स्थान तथा सम्पतिको पहिचान तथ्याङ्क सकंलन, संरक्षण, संर्वद्धन र व्यवस्थापकिय उपयोगमा ध्यान दिईनेछ।
7. नदिजन्य पदार्थको उत्खनन, सकंलन र विक्री जस्ता कार्यलाई कानुनअनुसार व्यवस्थित गरिनेछ, भने निजी जग्गाबाट उत्पादित निर्माणमुखि पदार्थ वितरणलाई व्यवस्थित गरिनेछ।
8. विपतबाट हुने जोखिमलाई न्युनिकरण गर्न घर बिमा तथा विपदबाट भएको क्षतिलाई पुर्ननिर्माणको लागि आवश्यक पहल गरिनेछ।

**5.सुशासन तथा सस्थांगत विकासः**

1. विवरण एकिकृत गरि प्रकाशन गर्ने प्रयोजनार्थ डिजिटल भिलेज प्रोफाईल निर्माण गरि निरन्तर रुपमा अपडेट गर्दै लगिनेछ ।

2. गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा क्रमश डिजिटल नागरिक वडापत्र जडान गरि गाउँपालिकालाई डिजिटल बनाउँदै लगिनेछ ।
3. नागरिकको सूचना प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्दै सरल र सहज माध्यमबाट सूचना प्रकाशन गर्न कार्यालयको वेवसाईट, फेसबुक पेज, बल्क एस एम एसको प्रभावकारी प्रयोग गरिनेछ । साथै सूचना प्रसारणको लागि स्थानीय सञ्चार माध्यमको समेत प्रयोग गरिनेछ ।
4. प्रत्येक कर्मचारी र शिक्षकको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त सघं सगंठन खारेज गर्न आवश्यक कानूनी प्रवन्ध गरी कार्यान्वयन गर्ने अवधारणा अगाडी बढाईने छ ।
5. पालिकाका भित्रका मुख्य कार्यालयहरु र मुख्य चोकहरुमा सिसिटिभी जडान गरी सेवा प्रवाह र गतिविधीलाई प्रत्येक्ष निगरानीमा राखिनेछ, साथै सार्वजनिक क्षेत्रमा Free Wifi को लागि पहल गरिनेछ।

**आदरणिय सभा सदस्य ज्यूहरु,**

6. "**जनतासंग गाँउपालिका अध्यक्ष**" कार्यक्रम प्रभावकारी बनाईनेछ,साथै चौमासिक अबधिमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त हुने सुझाब तथा गुनासोको ब्यबस्थापन गरिनेछ|
7. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional Self-Assessment ) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।
8. यस पालिकाको शासकीय प्रवन्धमा जवाफदेहिता, पारदर्शिता, जनसहभागिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त नीतिलाई गाउँपालिकाले निरन्तरता दिनेछ।

## 6. राजस्व तथा आन्तरिक स्रोत परिचालन

1. पालिकाको फजुल खर्च नियन्त्रण, साधारण खर्चमा मितव्ययितता तथा बेरुजु न्युनिकरणको लागि पहल गरी वित्तिय सुशासन कायम गरीनेछ।
2. पदाधिकारी तथा कर्मचारीको व्यक्तिगत सदाचारिता तथा ईमान्दरीता प्रवद्धन गरी **"भ्रष्टाचार विरुद्धको शुन्य सहनशिलता"**को नीतीलाई स्थानीय सरकारले कुशल रुपमा कार्यन्वयनमा ल्याउनेछ।
3. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न तालिम, स्थलगत भ्रमण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
4. कार्यालयको कर संकलन प्रणालीलाई सरल र सहज बनाउन Online Payment राजश्व भूक्तानी प्रणालीको सुरुवात गरि प्राथमिकता दिईनेछ ।
5. योजना सञ्चालन, राजश्व व्यवस्थापन, सिफारिस, दर्ता चलानी, जेष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र जस्ता सेवालाई छिटो छरितो र व्यवस्थित बनाउनको लागि सफ्टवयरको प्रयोग गरिनेछ।
6. संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

**7.न्याय सम्पादनः**

1. वडाका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरी सबै विवादहरु दर्ता गर्ने, बिपक्षी झिकाउने, स्थलगत निरिक्षण गरी प्रतिबेदन पेश गर्ने, मेलमिलाप प्रकिया सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ, मेलमिलापकर्तालाई विवाद निरुपण र बैठक सञ्चालनवापत पारिश्रमिक  उपलब्ध गराईनेछ।

**अन्त्यमा,** विहादी गाउँपालिका लाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट" **समुन्नत बिहादी सम्मानीत विहादीबासी**" बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण पालिकाबासी लाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ ।

साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

**धन्यबाद॥**

**जय विहादी॥॥**

**अध्यक्षः परविन गुरुङ, विहादी गाउँपालिका॥॥॥**